# दरबन्दी मिलान सहजीकरणका लागि
# ई पुस्तिका, २०६९

**१. पृष्टभूमि :**

नेपालमा सँस्थागत रुपमा शिक्षा दिने कार्यको करीव १६० वर्षको अभ्याससँगसँगै शिक्षक व्यवस्थापन सम्बन्धमा पनि विभिन्न किसिमका अभ्यासहरू सञ्चालन हुँदै आएका छन । शिक्षक व्यवस्थापन अन्तर्गत शिक्षक दरबन्दी मिलान गर्ने कार्य हाल सबै जिल्लाहरुमा प्राथमिकताका साथ अगाडि बढिरहेको छ । बालबालिकाहरू जहा छन, त्यहा शिक्षक पुग्नुपर्दछ भन्ने मान्यताका साथ शिक्षा मन्त्रालय, शिक्षा विभागले दरबन्दी मिलान गर्ने जिल्ला शिक्षा समितिको काममा सहजीकरण गर्दै आएको छ । यसै सन्दर्भमा दरबन्दी मिलानका क्रममा गरिएका परिपत्र, कार्यान्वयनको अवस्था र दरबन्दी मिलान कार्य पछिको शिक्षक व्यवस्थापनमा केन्द्रित रहेर यो दरबन्दी मिलान ई पुस्तिका तयार पारिएको हो ।

**२. पुस्तिका सम्बन्धमा**

यो ई पुस्तिका मूलत सबै सरोकारवालाहरुलाई जानकारी दिने उद्देश्यले तयार पारिएको हो । प्रचलित शिक्षा ऐन तथा नियमावलीमा दरबन्दी मिलान गर्ने कार्यको दायित्व एवं अधिकार जिल्ला शिक्षा समितिमा रहेको छ । यहाँ उल्लेख गरिएका विषय वस्तुहरु जिल्ला शिक्षा समितिले यसै सन्दर्भमा काम गर्दा उपयोगी हुने विश्वास गरिएको छ । यसभित्र देहायका विषयहरु समाबेश भएका छन ।

**३. यस अगाडि दरबन्दी मिलान सम्बन्धमा गरिएको परिपत्र :**

माननीय शिक्षा मन्त्रीस्तरीय मिति २०६७/१२/३० को निर्णयानुसार शिक्षक दरबन्दी मिलानका आधारहरू :

## शिक्षक व्यवस्थापन (दरबन्दी मिलान) सम्बन्धी निर्देशन

### १. विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरूको विवरण अध्यावधिक गर्ने

- २०६६ को परीक्षामा सम्मिलित (Flash-II) कक्षागत विद्यार्थी संख्याको आधार
- विद्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी /अस्थायी शिक्षकहरूको विवरण
- शिक्षक अनुदान (राहत)मा कार्यरत शिक्षकहरूको विवरण (PCF मा कार्यरत शिक्षकहरूको यस प्रयोजनको लागि गणना नगर्ने)

- अवधि तोकी काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलबभत्ता पाउँदछन् सोही विद्यालयको शिक्षकमा गणना गर्ने अवधि नतोकेकोमा दरवन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्ने

**२. विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्ने**

**३. विद्यालयगतरूपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरू:**

**३.१ कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा**

- विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या रहेपनि न्यूनतम २ ओटा दरबन्दी कायम गर्ने ।
- ६१ जना विद्यार्थी वा सो भन्दा बढी भएमा र हाल विद्यालयमा ३ ओटा दरबन्दी कायम रहेको भए ३ ओटै दरबन्दी कायम गर्ने तर तराई/उपत्यकामा १५०, पहाडमा १३५ र हिमालमा १२० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने । रू

**३.२ कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा**

- विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम ३ ओटासम्म दरवन्दी (स्वीकृत/राहत कोटा) कायम गर्ने
- विद्यार्थी सङ्ख्या १२० देखि १४९ सम्म भई ४ शिक्षक कार्यरत रहेको (स्वीकृत दरवन्दी/राहतको कोटा) अवस्थामा ४ ओटा दरवन्दी कायम गर्ने
- विद्यार्थी सङ्ख्या १५० जना वा सो भन्दा बढी भई त्यस विद्यालयमा ५ जनासम्म दरबन्दी रहेको भए ५ ओटै दरबन्दी कायम गर्ने, तर तराई/उपत्यकामा २५० जना, पहाडमा २२५ जना र हिमालमा २०० जनाभन्दा बढी विद्यार्थी नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने ।

**३.३ कक्षा १-८ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा**

- विद्यालयमा जतिसुकै न्यून विद्यार्थी रहेपनि न्यूनतम ७ जना (प्रा.३+नि.मा.वि.४) शिक्षक दरवन्दी ( स्वीकृत/राहत कोटा) कायम गर्ने
- विद्यालयमा २४० वा सो भन्दा बढी विद्यार्थी सङ्ख्या भई प्रा.वि. र नि.मा.वि.तहमा गरी ९ ओटासम्म दरबन्दी कायम रहेको भए यथावत् रहन दिने, तर तराई/उपत्यकामा ४०० जना, पहाडमा ३६० जना र हिमालमा ३२० जनाभन्दा बढी विद्यार्थी नपुग्दासम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने ।

**३.४ कक्षा ९-१० सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा**

- विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम ५ ओटासम्म (दरवन्दी/राहत) शिक्षक दरवन्दी कायम गर्ने

- शिक्षक थप वा घट गर्नु पर्दा विद्यार्थी संख्याको आधारमा शिक्षा नियमावलीअनुसार कायम गर्ने
- **३.५ कक्षा ९-१२ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा**
- विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम ८(५ + ३) ओटासम्म दरवन्दी (स्वीकृत/ राहत कोटा) कायम गर्ने
- सो भन्दा बढी शिक्षक दरवन्दी (स्वीकृत/ राहत कोटा) थप गर्नु पर्दा उच्च माध्यमिक शिक्षक दरवन्दी थप्नको लागि तयार भएको निर्देशिका अनुसार जिल्लामा प्राप्त कोटाको आधरमा गर्ने

**३.६ कक्षा ६-१०सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा**

- विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम ९ (४+५=९ , निमावि ४ र मावि ५) दरवन्दी ( स्वीकृत/ राहत कोटा) कायम गर्ने
- शिक्षक दरवन्दी थप गर्नु पर्दा हिमालमा २४०, पहाडमा २७० र तराइ/उपत्यकामा ३०० विद्यार्थी नपुग्दासम्म तहगतरूपमा दरवन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावलीअनुसार कायम गर्ने ।

**३.६ कक्षा ६-१२ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा**

- विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम १२ (४+५+३=१२ , निमावि ४ र मावि ५, उमावि ३) दरवन्दी ( स्वीकृत/राहत कोटा) कायम गर्ने
- शिक्षक दरवन्दी थप गर्नु पर्दा हिमालमा ३२०, पहाडमा ३५० र तराइ/उपत्यकामा ४०० विद्यार्थी नपुग्दासम्म तहगतरूपमा दरवन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने ।

**४. दरबन्दी मिलानको क्रममा अपनाउने थप प्रक्रिया तथा आधारहरू**

(क) शिक्षा नियमावलीले तोके बमोजिम न्यूनतम विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएको न्यूनतम शिक्षक सङ्ख्या हाल रहन दिने ।

(ख) न्यूनतम विद्यार्थी सङ्ख्या कायम गर्दा शिक्षा नियमावलीअनुसार तोकिएको विद्यार्थी सङ्ख्याको हिमाली क्षेत्रमा न्यूनतम २० प्रतिशत पहाडी जिल्लामा न्यूनतम ३० प्रतिशत र तराई तथा उपत्यकामा न्यूनतम ४० प्रतिशत विद्यार्थी हुनु पर्ने । त्यसभन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्यस्ता विद्यालयहरूलाई एकीकरण/समायोजन तर्फ लैजाने व्यवस्था मिलाउने ।

(ग) हालको लागि बुँदा नं. ख मा उल्लेख भएको विद्यार्थी सङ्ख्या न्यूनतम विद्यार्थी सङ्ख्याको रूपमा तोकिए पनि विद्यार्थी सङ्ख्या बढाई शिक्षा नियमावलीअनुसार पुऱ्याउनु पर्ने निर्देशन दिने ।

(घ) भौगोलिक विकटताको कारणले अप्ठेरो ठाउँमा रहेको र एकीकरण (Merge) गर्न नसकिने विद्यालयहरूमा बहुकक्षा शिक्षण (Multigrade teaching) पद्धति बमोजिम शिक्षण गराउने व्यवस्था मिलाउने ।

(ङ) कुनै विद्यालयमा दरबन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्तिसम्बन्धी प्रक्रिया रोक्का गर्ने र त्यस्तो दरबन्दीलाई जि.शि.स.को पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गर्ने । तर जुन विद्यालयमा शिक्षक पदपूर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठन नै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा जि.शि.का.ले सम्बन्धित क्षे.शि.नि.बाट अनुमति लिई शिक्षक नियुक्तिका लागि विद्यालयलाई अनुमति दिने व्यवस्था मिलाउने ।

(च) चालु आ.व.को PCF को सम्बन्धमा यो (PCF) कार्यक्रम बजेट भएकोले यसलाई रोक्का नगरी शिक्षक सङ्ख्या कम र विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयमा शिक्षा विभागले तोकेको नर्म्स (Criteria) को परिधिभित्र रहेर मात्र PCF वितरण गर्ने व्यवस्था मिलाउने ।

(छ) दरबन्दी मिलान गर्दा सबै सामुदायिक विद्यालयको हकमा न्यूनतम विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्या कायम हुन आवश्यक छ । तर माथि विद्यालय शिक्षा शाखाले उठाएको समुदायद्वारा व्यवस्थापन भएका विद्यालयमा शिक्षक बढी भई सार्नु पर्ने अवस्थामा कुन शिक्षक सार्ने वा ल्याउने भन्ने सम्बन्धमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी शिक्षक सरुवा/दरबन्दी मिलान गर्ने व्यवस्था मिलाउने ।

## **<u>५. दरवन्दी मिलान पछि गर्ने शिक्षक व्यवस्थापन सम्बन्धमा</u>**

- यसरी हिसाब गर्दा बढी हुन आउने शिक्षक अनुदान कोटा वा दरबन्दीलाई जिल्ला शिक्षा समितिको पुल दरबन्दीमा राखी विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक कमी भएका विद्यालयहरूमा काजमा खटाउने । यसरी खटाउदा विद्यालय नक्साङ्कनको आधारमा परेका विद्यालयहरूमा खटाउने ।
- दरबन्दी मिलान भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र त्यस्ता दरबन्दीमा रहेका सबै खाले सट्टा शिक्षक, अस्थायी बढुवाका शिक्षक । शिक्षक अनुदान कोटा (राहत) मा रहेका शिक्षक, अपाङ्ग शिक्षक, महिला परियोजनामा रहेका शिक्षक र यस्तै अन्य स्केलअनुसार अनुदानको तलब भत्ता पाउने शिक्षकलाई सम्झनुपर्छ ।
- यसरी माथि उल्लेख भएअनुसार दरबन्दी वा अनुदान कटाउनु पर्ने विद्यालयमा विद्यार्थी सङ्ख्या कमी भए PCFअनुदान नदिने ।
- शिक्षक कटौती गर्दा सर्वप्रथम शिक्षक अनुदान कोटामा रहेका कनिष्टतम शिक्षकको दरबन्दीलाई जि.शि.का.को पुल दरबन्दी कायम गरी मिलान गर्ने ।
- क्रमशः विद्यालयमा नियुक्तिको कनिष्टताको आधारमा अस्थायी र त्यसपछि स्थायी शिक्षकको दरबन्दी कटौती गरी पुल कायम गर्ने ।
- विद्यालयमा दरबन्दी बढी भई त्यस्ता दरबन्दी कुनै माध्यमबाट खाली हुन गएमा नयाँ नियुक्तिका लागि वा सरूवा भई आउनका लागि अनुमति नदिई शिक्षा समितिको पुल दरबन्दीमा राख्ने ।

- अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरूले चाहेको STR बढी भएका विद्यालयमा काममा खटाउने व्यवस्था गर्ने ।
- शिक्षकलाई अन्य विद्यालयमा काममा खटाउँदा विद्यार्थी सङ्ख्याको आधारमा सबैभन्दा बढी विद्यार्थी भएमा विद्यालयका सम्बन्धित तहमा खटाउने गरी क्रमशः विद्यालयहरूलाई सम्बोधन गर्ने ।
- सर्वप्रथम सम्बन्धित गा.वि.स. र समीपवर्ता गा.वि.स. एवं न.पा. का विद्यालयमा स्थानको उपलब्धता र शिक्षकहरूको जेष्ठताको आधारमा रोजिएको विद्यालयमा खटाउने र  स्नाकोत्तर उर्तीण शिक्षकलाई सकेसम्म उच्च माविमा पठाउने व्यवस्था गर्ने ।
- यसरी दरबन्दी मिलान गरी कमी वा बढी हुने शिक्षकहरूको सङ्ख्या एकीन गरी जिल्लागतरूपमा विवरण तयार गर्ने ।
- दरबन्दी मिलान गर्ने क्रममा अत्यधिक न्यून विद्यार्थी सङ्ख्या भएका र भौगोगिलक समीपमा रहेका विद्यालयहरूलाई एकीकरण गर्न (Merging) प्रोत्साहन गर्ने । यसरी एकीकरण भएका दुवै विद्यालयका शिक्षकहरूलाई एकीकृत विद्यालयमा राख्ने । निजहरूको इच्छा विपरित त्यस्ता शिक्षकको दरबन्दीलाई मिलानको प्रक्रियामा नल्याउने ।
- महिला र अपांग शिक्षकको हकमा सम्बन्धित शिक्षकको सहमति बेगर कनिष्टतम् भएपनि पहिलो चरणमा अन्यत्र नपठाउने तथा त्यस्ता बढी हुन आउने शिक्षकलाई जिल्ला शिक्षा समितिमा पुलमा राख्ने ।
- दरबन्दी मिलान कार्य सम्पन्न नगर्दासम्म रिक्त पदमा नियुक्तिका लागि अनुमति रोक्का गर्ने र शिक्षक व्यवस्थापन अनुदान (PCF) समेत बितरण नगर्ने ।
- यो परिपत्र भएपछि कुनै विद्यालयमा शिक्षक दरवन्दी रिक्त हुन गएमा यदि सो विद्यालयमा विद्यार्थी शिक्षक अनुपातअनुसार दरवन्दी बढी छ भने दरवन्दी मिलान नगर्दासम्म नयाँ नियुक्ती गर्न अनुमति नदिने र सरूवा गरेर पनि पदपूर्ति नगर्ने । उक्त पद दरवन्दीलाई आवश्यक विद्यालयमा काजमा राख्न सकिन ।

**६. दरबन्दी मिलानका सन्दर्भमा हालसम्मको प्रगतिको अवस्था ।**

**<u>दरबन्दी मिलानसम्बन्धी प्रतिवेदन प्राप्त जिल्लाहरू</u> :**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | गुल्मी | २. | तनहुँ | ३. | इलाम | ४. | मकवानपुर | ५. | बागलुङ |
| ६. | कपिलवस्तु | ७. | गोरखा | ८. | म्याग्दी | ९. | अर्घाखाँची | १०. | सुर्खेत |
| ११. | भोजपुर | १२. | तेह्रथुम | १३. | धनकुटा | १४. | रामेछाप | १५. | पर्वत |
| १६. | पाँचथर | १७. | डोल्पा | १८. | खोटाङ | १९. | स्याङ्जा | २०. | बझाङ |
| २१. | दैलेख | २२. | भक्तपुर | २३. | दार्चुला | २४. | सिन्धुली | २५. | वैतडी |
| २६. | रुपन्देही | २७. | डोटी | २८. | वाजुरा | २९. | डडेल्धुरा | ३०. | संखुवासभा |
| ३१. | कास्की | ३२. | काभ्रे | ३३. | मोरङ (Soft) | ३४. | धादिङ | ३५. | मुस्ताङ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३६. | उदयपुर | ३७. | महोत्तरी | ३८. | रसुवा | ३९. | नुवाकोट | ४०. | अछाम |
| ४१. | मनाङ | ४२. | ओखलढुङ्गा | ४३. | सिन्धुपाल्चोक | ४४. | कैलाली | ४५. | सुनसरी |
| ४६. | जाजरकोट | ४७. | नवलपरासी | ४८. | सिरहा | | | | |

**७.** **<u>दरबन्दी मिलानसम्बन्धी प्रारम्भिक कार्यको जानकारी पठाउने जिल्लाहरू</u> :**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | रुकुम | २. | पर्सा | ३. | चितवन | ४. | सप्तरी | ५.ललितपुर |
| ६. | दाङ | ७. | मुगु | ८. | झापा | ९. | लमजुङ | १०.काठमाडौं |
| ११. | वर्दिया | १२. | बाँके | १३. | ताप्लेजुङ | १४. | पाल्पा | १५.सोलुखुम्बु |
| १६. | रोल्पा | | | | | | | |

**८.** **<u>दरबन्दी मिलानको प्रतिवेदन नपठाएका जिल्लाहरू</u> :**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्यूठान | २. | धनुषा | ३. | सल्यान | ४. | सर्लाही | ५. | दोलखा |
| ६. | जुम्ला | ७. | कालिकोट | ८. | हुम्ला | ९. | रौतहट | १०. | वारा |
| ११. | कञ्चनपुर | | | | | | | | |

**९.** **शिक्षक सरुवा/पदस्थापना भएका जिल्ला एवम् शिक्षक सङ्ख्या (दरबन्दी मिलानसम्बन्धी अध्यावधिक विवरण)**

| क्र.सं. | जिल्ला | दरबन्दी मिलान शिक्षक सहित | जानकारीको स्रोत |
|---|---|---|---|
| १. | दैलेख | ४७ जना + ५ जम्मा = ५२ जना | रिर्पोटबाट |
| २. | तेह्रथुम | ६५ जना | पत्र |
| ३. | इलाम | ४९ जना | पत्रबाट |
| ४. | काठमाडौं | २२ जना काज | पत्रबाट |
| ५. | डोल्पा | ११ प्रा.वि. १नि.मा. जम्मा १२ | रिर्पोटबाट |
| ६. | संखुवासभा | ४१ जना (३३+०+८) | प्रतिवेदनबाट |
| ७. | मकवानपुर | ३२ जना + ३३= ६५ जना | पत्रबाट |
| ८. | दाङ | प्रा.वि. ९, नि.मा.३, मा.वि. १ जम्मा १३ | रिर्पोटबाट |

| | | | |
|---|---|---|---|
| ९. | भोजपुर | प्रा.वि. ३ जना | पत्रबाट |
| १०. | पाल्पा | ११६ प्रा.वि. जि.शि.स. पुलमा | प्रतिवेदन |
| ११. | झापा | ४५ जना | पत्र |
| १२. | खोटाङ | १९३ जना (१२० जना) | पत्र |
| १३. | धनकुटा | ३३ | पत्रबाट |
| १४. | गुल्मी | ६ जना काज (प्रा.वि.) थप १३९ जना जम्मा १४६ | जि.शि.अ. (स्कुल मर्ज गरेर ४ ओटा र पत्र |
| १५. | वाजुरा | प्रा.वि. ७, नि.मा. ३ जम्मा १० जना | |
| १६ | सिन्धुपाल्चोक | १२ जना | पत्रबाट |
| १७. | ओखलढुंगा | ५१ ज्ना | पत्रबाट |
| १८. | धादिङ | ६ जना | पत्रबाट |
| १९. | म्याग्दी | ६ जना | पत्रबाट |
| २०. | काभ्रे | १५ जना | प्रतिवेदनबाट |
| २१. | रोल्पा | १६ जना | पत्रबाट |
| २२. | रसुवा | ३० जना | पत्रबाट |
| २३. | तनहुँ | २८ जना | पत्रबाट |
| २४. | कास्की | २५१ जना | प्रतिवेदनबाट |
| २५. | डोटी | २६ जना | प्रतिवेदन |
| २६. | कपिलवस्तु | १४ जना | प्रतिवेदन |
| २७. | पर्वत | २८१ (२५६ पुल समेत) | प्रतिवेदन |
| २८. | अछाम | ४७ | प्रतिवेदन |
| २९. | वागलुङ | ९+२३ = ३२ जना | प्रतिवेदन |
| ३०. | स्याङ्जा | २२२ | जि.शि.अ. |

| | | | |
|---|---|---|---|
| ३१. | जाजरकोट | २० | |
| ३२. | नवलपरासी | ५६ | |
| ३३. | सिरहा | *१७०* | |
| ३४. | डडेलधुरा | ५५ (प्रा.वि. ४९, नि.मा.वि. १, मा.वि.५) | |
| | ***जम्मा :-*** | ***२२०२ जना शिक्षक*** | |

पूर्ण प्रतिवेदन पठाउने जिल्ला :- ४८

आंशिक रिर्पोट पठाउने जिल्ला :- १६

रिर्पोट नपठाउने जिल्ला :- ११

## १०. विद्यालय एकिकरण/समायोजन :

| क्र.सं. | जिल्लाको नाम | गाभिएका विद्यालयको नाम | सङ्ख्या | स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | पाल्पा | १ लहरेपिपल प्रा.वि, तानसेन | ११ | जि.शि.का पाल्पाको च.न. ११५२ मिति २०६९/९/२४का पत्र | |
| | | २. सिद्धबाबा प्रा.वि बराङदी | | | |
| | | ३. रत्नशोभा प्रा.वि , दर्लमडाँडाँ | | | |
| | | ४. बरदा प्रा. वि , बराङदी | | | |
| | | ५. शिखर प्रा.वि चितुङधारा | | | |
| | | ६. बीर प्रा.वि , चितुङधारा | | | |
| | | ७. प्रभात प्रा.वि , हान्गादी, तानसेन | | | |
| | | ८. बसन्तपुर प्रा.वि, तानसेन | | | |
| | | ९. भगवतीस्थान प्रा.वि, तानसेन | | | |
| | | १०. रबी प्रा.वि, चितुङधारा | | | |
| | | ११. खाँडदेवि प्रा.वि , बौघागुम्हाँ | | | |
| २ | भोजपुर | १. जनता प्रा.वि तिवारीभञ्याङ | | जि.शि .का भोजपुरको च.न. २० र मिति २०६९/९/१९ को | |
| | | २. बालमन्दिर प्रावि, भोजपुर | | | |
| | | ३. लालीगुराँस प्रवि, किमालुङ | | | |
| | | ४. महेन्द्रोदय प्रा.वि, भोजपुर | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पत्र | |
| | | ५. शारदा प्रा.वि ,बालंखा | ५ | | |
| ३ | धादिङ | १. बागेश्वरी प्रावि ,कटुञ्जे | ११ | | |
| | | २. भैरवी प्रा.वि .बेनिघाट | | जि.शि.का. धादिङको च.न. ८६५ मिति २०६९ /९/१७ को पत्र | |
| | | ३. भानुभक्त प्रावि , मैदी | | | |
| | | ४. शहिद जगत प्रकाशजग प्रवि , मैदी | | | |
| | | ५. भैरवी प्रा.वि .कुम्पुर | | | |
| | | ६. देविस्थना प्रवि, गजुरी | | | |
| | | ७. चन्द्र प्रा.वि. छत्रेदेउराली | | | |
| | | ८. दुईखोली प्रा.वि , केबलपुर | | | |
| | | ९. जलदेवि प्रा.वि किराञ्चोक | | | |
| | | १०. माहादेविस्थान प्रा.वि , नलाङ | | | |
| | | ११. पञ्चकन्या प्रा.वि , जोगीकारा | | | स्थानान्तरण समेत गरिएको |
| ४ | दार्चुला | १. जनज्येती प्रा.वि, मल्लाटीगरम | ५ | जि.शि.का दार्चुलाको च.न. ५५२ मिति २०६९/८/१८ को पत्र | |
| | | २. मालिमार्जुन प्रा.वि , मल्लकिम्तडी | | | |
| | | ३. भानु प्रा.वि , डाडादुत | | | |
| | | ४. कैलपाल प्रावि, जडानी | | | |
| | | ५. पिपल प्रा.वि ,काटै | | | |
| ५ | रामेछाप | १. ओमसेतीदेवी प्रा.वि ,घलेडाडा | १ | | |
| ६ | अर्घाखाँची | १. जनशान्ति प्रा.वि , केरुङ<br>२. राधाकृष्ण प्रावि , बल्कोट<br>३. छहरामाई प्रावि, अर्घातोष<br>४. सिद्धबाबा प्रावि, खनदह | ९ | जि.शि.का अर्घाखाँचीको च.न. ६२० मिति २०६९/९/२३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५. ध्रुवतारा प्रावि वांगी<br>६. जनसेवा प्रावि , ढाकावाङ<br>७. किलारा प्रावि , किमडाडा<br>८. वालमन्दिर प्रावि सन्धिखर्क<br>९. सिद्ध प्रावि , सुर्वणगाँउ | | | |
| ७. | धनकुटा | १. श्री राष्ट्रिय सरस्वती प्रा.वि.ध.न.पा.-३ कचिडें, धनकुटा | १ | जि.शि.का. धनकुटाको च.नं. १७५९ मिति २०६९/२/९ | |
| ८. | पर्वत | | ८ | जि.शि.का.को च.न. १२, मिति २०६९/४/३ को पत्रानुसार | विद्यालयको नाम प्राप्त नभएको |
| ९. | मकवानपुर | १. श्री लक्ष्मी प्रा.वि. कुलेखानी -६<br>१. श्री कालाभैरव प्रचण्ड प्रा.वि. दामन-२ | २ | जि.शि.का.को च.न. ३६८२, मिति २०६९/३/५ को पत्रानुसार | विद्यालयको नाम प्राप्त नभएको |
| १०. | खोटाङ | १. श्री राप्चादेवी प्रा.वि. | १ | जि.शि.स.को मिति २०६८ चैत्र २२ गतेको निर्णयानुसार | अनुमति रद्द गरिएको |
| ११. | ओखलढुंगा | १. श्री रक्तमाला प्रा.वि. चनौटे<br>२. रामआदर्श प्रा.वि. असिने<br>३. महाकाली प्रा.वि. आम्बोट<br>४. सिद्धदेवी प्रा.वि. सानोचित्रे<br>५. विश्वेश्वर प्रा.वि. देउराली<br>६. सिद्धस्थानकालिका प्रा.वि. तोरीस्वाँरा<br>७. चम्पादेवी प्रा.वि. रयाले<br>८. कालिका प्रा.वि. साइदुवा<br>९. मालिका प्रा.वि. पोखरे | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १०. आइतबारेदेवी प्रा.वि. साउने<br>११. साउनेचौतारा प्रा.वि. जागीरगाउँ<br>१२. शिशु जगत प्रा.वि. हकपुर<br>१३. गंगादेवी प्रा.वि. बाविया<br>१४. सिर्जनादेवी प्रा.वि. कटुञ्जेवेशी<br>१५. कालिका प्रा.वि. डाँडाटोल<br>१६. कृष्णेश्वर प्रा.वि. डाँडाटोल<br>१७. बालउत्थान प्रा.वि. फागुनेटार<br>१८. शहीदस्मारक प्रा.वि. गैरीगाउँ<br>१९. सेतीदेवी प्रा.वि. जोगिटार<br>२०. रजाय प्रा.वि. रजाय<br>२१. सित्तलपुर प्रा.वि. सित्तलपुर<br>२२. सगरमाथाजनता प्रा.वि. भडाँरे<br>२३. सगरमाथा प्रा.वि. ओखलढुंगा<br>२४. पुरुषोत्तम प्रा.वि. लेती<br>२५. रुम्जाटार प्रा.वि. रुम्जाटार<br>२६. सेतीदेवी प्रा.वि. जरङ्गे<br>२७. पञ्चकन्या भगवती प्रा.वि.<br>२८. जनकल्याण प्रा.वि. हिलेखर्क<br>२९. जलकन्या प्रा.वि. खानिगाउँ | | | |

**११. कक्षा घटाइएका विद्यालयको नामावली :**

| क्र.स. | जिल्ला | विद्यालयको नााम | साविकको कक्षा | कायम भएको कक्षा | स्रोत |
|---|---|---|---|---|---|
| १. | पाल्पा | १. जनजागृति प्रा.वि , चिदिपानी<br>२. सरस्वतीनाथ प्रा.वि , बौघापोखराथोक | १-५<br>१-५ | १-३<br>१-३ | जि.शि.का पाल्पाको च.न. ११५२ मिति २०६९/९/२४का पत्र |
| २. | धादिङ | १. कुवापानी प्रा.वि नौविसे | १-५ | १-३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २. सुन्दरा प्रा.वि , निलकण्ठ | १-५ | १-३ | |
| ३. | दार्चुला | १. बागेश्वरी प्र.वि, राडथल | १-५ | १-३ | |
| | | २ . भुमीराज प्रा.वि, सल्याडी | १-५ | १-३ | |
| | | ३. सरस्वती प्रावि, श्रीवगड | १-५ | १-३ | |
| | | ४. जनज्योती प्रा.वि , खालीडाडा | १-५ | १-३ | |
| | | ५. ब्रहमदेव प्रावि ऐरपाली | १-५ | १-३ | |
| | | ६. ज्योति प्रा.वि, बुढीचौरा | १-५ | १-३ | |
| | | ७ . तमैराज प्रा.वि, जोगीकोइराली | १-५ | १-३ | |
| | | ८. भुमीराज प्रा.वि, वेत | १-५ | १-३ | |
| | | ९. रानीस्थान प्रा.वि गोठ्युरी | १-५ | १-३ | |
| | | १०. महिलासघ प्रा.वि. सितोला | १-५ | १-३ | |
| | | ११. लटिनाथ प्रा.वि .मट्युल | १-५ | १-३ | |
| | | १२. भगवति प्रा.वि, मसिनि | १-५ | १-३ | |
| | | १३. जगदम्बा प्रा.वि. थालावन्थाला | १-५ | १-३ | |
| | | १४. भूमिराज प्रावि, च्युरानी | १-५ | १-३ | |
| | | १५. उदयराज प्रावि खेतार | १-५ | १-३ | |
| | | १६. महादेव प्रा.वि.तुषरपानी | १-५ | १-३ | |
| ४. | अर्घाखाँची | १. जनता प्रा.वि, किमडाडा | १-५ | १-३ | |
| | | २. बल्कोट प्रावि, बलकोट | १-५ | १-३ | |
| | | ३. शिशु कल्याण प्रा.वि, अर्घा | १-५ | १-३ | |
| | | ४. विद्याविकास प्रा.वि, अर्घा | १-५ | १-३ | |
| | | ५. जुहार प्रावि डिर्भना | १-५ | १-३ | |

**१२. विद्यालय बन्दसम्बन्धी विवरण :**

| क.स | जिल्ला | विद्यालयको नाम | स्रोत |
|---|---|---|---|
| १ | रामेछाप | १. जनसागर प्रा.वि, पिखुरी ,९<br>२. प्रवि मिजारथोक, मझुवा<br>३. लामाटोल प्रावि , मझुवा | जि.शि.का रामेछापको च.न. ७३४ मिति २०६९/९/२३ |

***नोट :- २०६९/९/२५ पुष मसान्तसम्मको रेकर्ड (कुनै जिल्लाको विवरण गल्ती भएमा सम्बन्धित जि.शि.का.को पत्र बमोजिम सच्याइनेछ र सूचना छुट भएमा वा थप प्रगति भएमा अद्यावधिक हुनेछ ।)***

## १३. पुलमा राखिएका शिक्षक दरबन्दी व्यवस्थापन ।

विभिन्न जिल्लाहरुले दरबन्दी मिलान कार्यपछि शिक्षक व्यवस्थापन गर्ने शिलशिलामा शिक्षक दरबन्दीलाई जिल्ला शिक्षा समितिको पुलमा राखेको प्रतिवेदन प्राप्त भएको छ । शिक्षक दरबन्दी देहायका आधारमा पुलमा राख्ने गरेको पाईन्छ ।

- शिक्षा ऐन तथा नियमावलीका आधारमा जिल्लामा अध्ययनरत विद्यार्थीहरुको तुलनामा शिक्षक सँख्या बढी रहेको अवस्थामा बढी भएको दरबन्दी कुनै विद्यालयमा पठाउन नसक्ने अवस्था,
- जिल्ला भित्रको कुनै विद्यालयमा विद्यार्थी नभएका वा अन्य कारणले बन्द भएका भएका विद्यालयमा रहेका शिक्षक दरबन्दीलाई अन्य विद्यालयमा नियमानुसार दरबन्दी वितरण भइनसकेको अवस्था,
- जिल्लाको कुनै विशेष कारणबश जिल्ला शिक्षा समितिले निश्चित समयका लागि कुनै शिक्षक एवं दरबन्दीलाई पुलमा राखेको अवस्था,
- कार्यरत शिक्षक मध्ये गम्भीर प्रकृतिको अपांगता वा अन्य कारणले शिक्षण कार्य गर्न नसकेको अवस्थामा जिल्ला शिक्षा समितिले पुलमा राखी अन्य कार्य जिम्मेवारी दिएको अवस्था ।

## १४. पुलमा रहेका शिक्षक दरबन्दीको नियुक्ति एवं कार्यजिम्मेवारी

जिल्ला शिक्षा समितिको पुलमा रहेका शिक्षक दरबन्दीलाई देहायको आधारमा व्यवस्थापन गर्न सकिन्छ ।

१४.१ कुनै तहमा बढी भएको दरबन्दी त्यो भन्दा माथिल्लो तहमा आवश्यक भएमा विद्यालयहरुको आवश्यकताका आधारमा प्राथमिकता तोकी काजमा खटाउने ।

१४.२ दरबन्दी पुलमा रहेको र शिक्षक दरबन्दी कट्टा हुने विद्यालयमा नै (पहिलेकै विद्यालय) मा काजमा रहेको अवस्थामा रिक्त हुनासाथ सम्बन्धित विद्यालयलाई शिक्षक नियुक्तिका लागि अनुमति प्रदान नगर्ने ।

१४.३ माथि १४.२ मा उल्लेख गरे बमोजिम रिक्त पुल दरबन्दीलाई जिल्ला शिक्षा समितिले माथि १४.१ बमोजिमको विद्यालय वा नियमानुसार दरबन्दी पाउने अवस्थाका अन्य विद्यालयमा दरबन्दी वितरण गरी शिक्षक नियुक्तिको व्यवस्था मिलाउने ।

१४.४ शारीरिक अशक्तताका कारणले पुलमा रहेका शिक्षकलाई सान्दर्भिक कार्यजिम्मेवारी दिने ।

१४.५ पुलमा रहेको शिक्षक दरबन्दी रिक्त रहेको अवस्थामा १४.३ वमोजिम व्यवस्थापन हुने अवस्था नभएमा  शिक्षा विभागको निर्देशन माग गर्ने ।